सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

**औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद सम्वन्धी सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७५/०९/२४**

यस सुनिलस्मृति गाउँपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा आ.व.२०७५/०७६ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु सिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले इच्छुक भ्याट दर्तावाला, नेपाल सरकारको सम्वन्धित विभागमा रजिष्टर्ड भएको सप्लायर्सहरुवाट निम्नानुसारको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउ पत्रको आह्वान गरिएको छ ।

१. यस गाउँपालिकावाट रु.१०००/- (एक हजार) फिर्ता नहुने गरी नगदै बुझाई वा सुनिलस्मृति गाउँपालिकाको ग्लोबल आइ.एम.इ बैंक लिमिटेड सुलिचौर रोल्पामा रहेको गाउँपालिकाको संचित कोष खाता नं.८२०४०१००००००१ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रहरुको प्रतिलिपी संलग्न राखी निवेदन पेश गरी प्राप्त सिलवन्दी दरभाउ पत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म (सो दिन विदा परेमा त्यसको भोलिपल्ट)कार्यालय समयभित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएका सिलवन्दी दरभाउ पत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ वजे भित्रमा (सो दिन विदा परेमा त्यसको भोलिपल्ट) यस कार्यालयलाई सम्वोधन गरी दरभाउ पत्रदाताको नाम ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलवन्दी लाहाछाप गरी कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । उक्त दरभाउपत्र सोही दिनको २:०० वजे भित्र कार्यालयका प्रतिनिधि, दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खालिनेछ । दरभाउ पत्र दाता वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने वाधा पर्ने छैन ।
३. सिलवन्दी दरभाउ पत्र साथ स्वीकुत लागत अनुमान रकमको २.५ प्रतिशत रकम रु.६५०००/- (पैसठी हजार) सुनिलस्मृति गाउँपालिकाको ग्लोवल आइ.एम.इ बैंक लिमिटेड सुलिचौर रोल्पामा रहेको धरौटी खाता नं.८२०२०१००००००४ मा जम्मा गरेको सक्कलै भौचर वा पचहत्तर दिन अवधिको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको वैंक जमानीपत्र (Bid bond) संलग्न हुनुपर्नेछ ।
४. सिलवन्दी दरभाउपत्र स्विकृत भइसकेपछि कवुल अंकको ५%ले हुने गरी थप रकम यस कार्यलयको धरौटी खातामा जम्मा गरेको वैक भौचर वा यस कार्यालयको नाममा नियमानुसार अवधिको जारी भएको म्याद रहेको कार्य सम्पादन जमानतपत्र ( Performance Bond) संहित सम्झौता गर्न आउनु पर्नेछ ।
५. सिलवन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कार्यवाही प्रचलित आर्थिक ऐन नियम वमोजिम हुनेछ । प्राप्त दरभाउ पत्रदाताको दरभाउ पत्र स्विकृत गर्ने,नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा हुनेछ ।
६. म्याद नाघी आएको र रित नपुगी पेश भएको सिलवन्दी दरभाउ पत्रलाई मान्यता दिइने छैन ।
७. एक फर्मको नाममा खरिद गरिएको सिलवन्दी दरभाउ पत्र फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।
८. यस सूचनामा नपरेका अन्य कुराहरु आर्थिक कार्यविधि ऐन, २०५५ नियमावली २०५६ (संशोधन सहित) सार्वजनीक खरिद ऐन २०६३ र नियमावली २०६४ र अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।
९. सिलवन्दी दरभाउ पत्र दाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नवाझिएको र व्यवसायी सम्वन्धी कुरामा सजाय नपाएको भनी लिखित घोषणा गरेको कागजात सिलवन्दी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।
१०. सिलवन्दी दरभाउपत्र प्याकेजमा कमवोल कवोल गर्ने फर्म संग औषधी तथा औषधिजन्य सामाग्री खरिद गरिनेछ ।
११. औषधी WHO GMP सर्टिफाइड कम्पनीहरुवाट उत्पादन भएको गुणस्तरीय औषधी हुनुपर्नेछ ।
१२. औषधीको म्याद स्टोर दाखिला हुने मितिमा कम्तीमा १८ महिना वाकी अवधी रहेको हुनुपर्नेछ । सप्लाई हुने औषधीको प्रत्येक पत्ता, वोतल, भाइल, टयूवमा "नेपाल सरकारद्धारा नि:शुल्क वितरणको लागि" भन्ने वाक्याँश अनिवार्य लेख्नुपर्नेछ ।
१३. औषधि तथा औषधिजन्य सामाग्रीहरु सम्झौता सम्पन्न भएको मितिले १५ दिनभित्र गाउँपालिका कार्यालय सम्म आपूर्ति गरि सक्नु पर्ने छ ।
१४. अन्य केही कुरा वुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क राखी वुझ्न सकिनेछ ।
१५. कुनै दरभाउ पत्र दाताले आपसमा मिलेमतो गरि पेश भएको दरभाउ पत्र खोल्दा एकजनाले मात्र बैंक ग्यारेन्टी राखी अन्य दरभाउ पत्र दाताले बैंक ग्यारेन्टी नराखेको पाइएमा त्यस्तो बोलपत्र रद्ध गरिने छ ।
१६. अनुमानित लागत अनुमान रु.२५९९८९४।५२

प्रमुख प्रशासकीय अधिकृत
सुनिलस्मृति गाउँपालिका
लेखनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत